"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका
# नगर खेलकुद विकास समिति

वामीटक्सार, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

च.नं. १०५६
प.सं. ८०/०८१

मिति : २०८०/०९/२४

श्री नगरपालिका स्थित सम्पूर्ण विद्यालयहरु,
मुसिकोट नगरपालिका, गुल्मी ।

विषय : छैटौं नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा मुसिकोट नगरपालिका, नगर खेलकुद विकास समितिको आयोजनामा तपसीलको मिति, स्थान र समयमा यस नगरपालिकाको अन्तर विद्यालय छैटौं नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना गरिएको हुनाले उक्त कार्यक्रममा सहभागी विद्यार्थी सहित गरिमामय उपस्थितिको लागि अनुरोध छ ।

तपशिल

मिति :- २०८० माघ ८, ९ र १० गते,
स्थान :- मुसिकोट न.पा.-४, ग्वादीकाचौर खेल मैदान,
समय :- पहिलो दिन विहान ठीक १०:३० वजे र अन्य दिन खेल समयतालिका अनुसार

*खेलका नियमहरु :*

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (चौथो संशोधन २०७९/०३/०५ को परिच्छेद २ दफा ९ (उपदफा ९)अनुसार प्रतियोगितामा एक खेलाडीले कुनै एक विधाको खेलमा मात्र सहभागी हुन सक्नेछन् । जस्तै कवड्डी विधामा सहभागी हुने विद्यार्थी, भलिबल, एथ्लेटिक्स, मार्सल आर्टस जस्ता अन्य विधामा सहभागी हुन सक्नेछैनन् ।
२. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्टमा एक एक समूह मात्र र अन्य प्रत्येक इभेन्टमा वढिमा २ खेलाडीहरुलाई सहभागी गराउन सक्नेछ । प्रत्येक खेलाडिले बढिमा २ फिल्ड एक ट्र्याक वा १ फिल्ड २ ट्र्याकमा भाग लिन पाउने छन् । जस्तै हाई जम्प र लङ्ग जम्पमा भाग लिने विद्यार्थीले २०० मिटर दौडमा पनि सहभागी हुन सक्नेछन् ।
३. प्रत्येक विद्यालयले भलिवल र कवड्डिमा खेल तर्फ वढिमा ९ /९ जना (छात्र/छात्रा) सहभागी गराउन सक्नेछन् । कवड्डि खेलमा सहभागी हुने छात्र खेलाडिको तौल ७० के.जी. तथा छात्रा खेलाडिको तौल ६५के.जी. सम्म मात्र हुनु पर्नेछ ।
४. चालु शैक्षिक सत्रमा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत <u>मिति २०८० माघ ८ गते सम्म १८ वर्ष उमेर पूरा नहुने</u> विद्यार्थी सहभागी हुन सक्नेछन् । नाम दर्ता गर्दा नाम तथा जन्म मिति खुल्ने सक्कल कागजात (जन्मदर्ता प्रमाण पत्र/नागरिकता प्रमाण पत्र (प्राप्त गरेकाको हकमा) अनिवार्य पेश गर्नुपर्नेछ ।
५. खेलमा सहभागी हुने प्रत्येक विद्यार्थीहरुको निर्देशिकाको अनुसूची-१ वमोजिम फोटो सहितको फाराम भरि सम्वन्धित विद्यालयले प्रमाणित गरि मिति २०८० माघ ५ गते दिउसो ३:०० वजे भित्र नगरपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । सम्वन्धित विद्यालयको शिक्षक प्रतिनिधिको रोहवरमा नियमानुसार टाई सिट निर्माण गरिनेछ । टाइ सिट निर्माण गर्दा सम्वन्धित विद्यालय प्रतिनिधी उपस्थित हुन नसकेमा पनि आयोजकले नियमानुसार प्रक्रिया अगाडि वढाउने छ ।
६. खेलमा सहभागी हुने प्रत्येक विद्यार्थी खेल पोषाकमा उपस्थित हुनु पर्ने छ ।
७. खेल तालिका अनुसार आफ्नो पालो आउनुभन्दा १५ मिनेट अगाडि खेलाडिहरु खेल मैदानमा प्रवेश गनुपर्ने छ । खेलाडिहरुको खाना, आवास लगायतको व्यवस्था सम्वन्धित विद्यालयले गर्नुपर्ने छ । सहभागिता वापत खाजा खर्च स्वरुप प्रति विद्यार्थी प्रतिदिन रु.१०० आयोजकको तर्फवाट उपलब्ध गराइने छ । यातायात खर्च स्वरुप खेलमैदान देखिको विद्यालयको दुरी वमोजिम खेलकुद विकास समितिले तय गरे अनुसारको सामान्य सहयोग रकम उपलब्ध गराइनेछ ।
८. खेलमा सामान्य प्राथमिक उपचारको व्यवस्था आयोजकको तर्फवाट हुनेछ ।
९. सम्पूर्ण खेलहरु प्रचलित नियमानुसार खेलाइने छ। खेलमा अनुशासनको पालना नगर्ने खेलाडिलाई खेलमा सहभागी गराउन आयोजक बाध्य हुने छैन र खेलमा कुनै विवाद आएमा आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
१०. विद्यालयले प्राप्त गरेको कुल प्राप्ताङ्कको आधारमा प्रथम, द्वितीय र तृतीयको घोषणा गरिने छ । प्रथम स्थान हासिल गर्ने विद्यालयले रनिङ्ग शिल्ड प्राप्त गर्ने छ र उक्त रनिङ्ग शिल्ड स्थायी रुपमा प्राप्त गर्न लगातार तीन पटक जित्नुपर्ने छ ।
११. रिले, भलिवल तथा कवड्डि विधाका जिल्लामा सहभागी खेलाडि छनौट गर्दा उत्कृष्ट खेलसीप तथा अनुशासनलाई प्राथमिकता राखि समूह वनाइनेछ ।
१२. खेलको उद्घाटन समारोहमा प्रत्येक (माध्यमिक तह) विद्यालयले खेलाडिहरुलाई विद्यालयको पोषाकमा झण्डा सहित मार्चपास प्रदर्शनमा सहभागी गराउनुपर्ने छ । उत्कृष्ट मार्च पास गर्ने तीन समूहलाई पुरस्कारको व्यवस्था गरिने छ ।

"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका

# नगर खेलकुद विकास समिति

खलंगा, रुकुम पश्चिम

लुम्बिनी प्रदेश, नेपाल

च.नं. १०२६

प.सं. ८०/०८१

**पुरस्कारहरु**

| क्र. स. | विधा | इभेन्टस | पुरस्कार | कैफियत |
|---|---|---|---|---|
| १ | भलिवल | छात्र/छात्रा | ट्रफि, मेडल र प्रमाण पत्र | प्रथम र द्वितीय स्थान |
| २ | कवड्डी | छात्र/छात्रा | ट्रफि, मेडल र प्रमाण पत्र | प्रथम र द्वितीय स्थान |
| ३. | एथ्लेटिक्स क. ट्रयाक | १००मि, २००मि, ४००मि. ८००मि. १५००मि. ३०००मि. ४x१००मि. रिले, ४ x ४००मि. रिले, | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | ख. फिल्ड | हाई जम्प, लङ्ग जम्प, त्रिपल जम्प, ज्याभलिन थ्रो, सट पुट | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| ४. | मार्सल आर्ट्स | तेक्वान्दो WTF u-45,u-48, u-51 (kg) छात्र र एकल पुम्से | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | | तेक्वान्दो WTF, u-42, u-44 ,u-46(kg) छात्रा र एकल पुम्से | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | | | | |
| | | कराते u-42,u-47,u-52 u-57 u-62 (kg) छात्र काता (एकल) | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | | u-40, u-45, u-50, u-55, u-60 (kg) छात्रा काता (एकल) | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | | उसु थाओलु तर्फ छात्र/छात्रा Chang Quan, Nan Quan, Taiji Quan | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |
| | | उसु सान्सौ तर्फ 42 kg, 45 kg, 48 kg छात्र/छात्रा | मेडल र प्रमाण पत्र | प्रथम, द्वितीय र तृतीय स्थान |

**समग्र खेलमा विभिन्न स्थान हासिल गर्ने विद्यालयलाई**

१. प्रथम पुरस्कार : रनिङ शिल्ड, ट्रफि, प्रमाण पत्र र नगद रु. १६०००।

२. द्वितीय पुरस्कार : ट्रफि, प्रमाण पत्र र नगद रु. १२०००।

३. तृतीय पुरस्कार : ट्रफि, प्रमाण पत्र र नगद रु.८०००।(उल्लेखित रकममा नियमानुसार २५ प्रतिशत कर कट्टि हुनेछ)

४. उत्कृष्ट खेलाडि : ट्रफी मेडल र प्रमाण पत्र (भलिवल, कवड्डि र एथ्लेटिक्स)

*पुनश्चः खेलमा सहभागी हुने विधार्थीको प्रत्येक विधाअनुसारको विवरण तोकिएको ढाँचामा प्रमाणित गरि पठाउनु पर्ने छ । समय तालिका पछि प्रकाशन गरिनेछ ।*

सन्दिप खत्री क्षेत्री

अध्यक्ष